# नौमूले गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# दैलेख

# खरको छाना मुक्त गाउँपालिका सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः  २०८२/१०/०७

# खरको छाना मुक्त गाउँपालिका सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०८२

**प्रमाणिकरण मितिः २०८२/१०/०७**

प्रस्तावनाः यस गाउँपालिका भित्र स्थायी बसोवास गर्ने अति गरिब घरधुरीको गाउँपालिकावासीहरु खरको छाना मुनि रात बिताउन बाध्य रहेका नागरिकको जीवन स्तर उकास्न खरको छाना मुक्त कार्यक्रमको मापदण्ड तोकी लागु गरिने नीति रहेको हुनाले सो कार्यक्रमको लागि मापदण्ड बनाई कार्यान्वयन गर्न बान्छनिय भएकोले, "प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम नौमूले गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस मापदण्डको नाम "खरको छाना मुक्त गाउँपालिका सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०८१" रहेको छ।

(ख) यो मापदण्ड गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :**

क) "छाना" भन्नाले मानव वसोवास गरिरहेको घरको छाना सम्झनु पर्दछ। गोठ/ढिकी छाप्रोको छानालाई यस मापदण्ड अनुसारको छाना मानिने छैन ।

ख) "गाउँपालिका" भन्नाले नौमूले गाउँपालिका सम्झनु पर्दछ ।

ग) "लाभग्राही" भन्नाले दफा (७) को उपदफा (१) बमोजिमको समितिले उपदफा (२) बमोजिम छनौट गरेको व्यक्ति वा परिवारलाई सम्झनु पर्छ ।

घ) "समिति" भन्नाले दफा (७) बमोजिमको छनौट समिति सम्झनु पर्छ र सो शब्दले दफा (११) बमोजिमको अनुगमन तथा मुल्याकंन समितिलाई समेत जनाउँछ ।

**३. कार्यक्रम संचालनको उदेश्य :**

क) गाउँपालिका भित्र स्थायी बसोवास गर्ने, आफ्नो स्वामित्वमा जग्गा रहे तापनि खरको छाना भएका अति गरिब घरधुरीका खरको छाना विस्थापित गर्न सहयोग पुर्याउने,

ख) मानव विकास सूचकाकं सबैभन्दा न्यून रहेका नागरिकहरुले यस गाउँपालिकाको सहयोग मार्फत खरको छाना मुक्त गर्न सक्षम भई जीवनस्तरमा सुधार गर्नु,

ग) लाभान्वित नागरिक आगलागी, हावा हुरी जस्ता प्राकृतिक प्रकोपबाट मुक्त हुने र विद्युतीय सेवा उपयोग गर्दा सर्ट सर्कीट जस्ता समस्याबाट जोगिनु,

घ) बर्षात्को मौसममा बारम्वार छानाबाट पानी चुहिने समस्याको समाधान हुनु ।

## परिच्छेद २
## कार्यक्रम संचालन प्रकृया

**४. कार्यक्रम संचालनका क्षेत्र :**

क) कार्यक्रम संचालन गरिने क्षेत्र गाउँपालिकाको गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

ख) वडा स्तरको कार्यक्रम संचालन गरिने क्षेत्र वडा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**५. कार्यक्रम तर्जुमा र कार्यान्वयनः** यस कार्यक्रमको तर्जुमा र कार्यान्वयन देहाय बमोजिम हुन्छ ।

क) यस कार्यक्रमको तर्जुमा गाउँ सभाबाट विनियोजित रकमबाट हुनेछ ।

ख) गाउँ सभाबाट बजेट विनियोजन नभए तापनि संघ र प्रदेश सरकारबाट प्राप्त अनुदान वा यस गाउँपालिकाको साझेदारीमा यस्तै प्रकृतिको कार्यक्रम संचालन गर्न सकिनेछ ।

ग) कार्यक्रम कार्यान्वयनका लागि वडा कार्यालय वा गाउँपालिकाले फाल्गुन/चैत्र मसान्त भित्र उक्त वडामा स्थायी वसोवास गर्ने, आफ्नो स्वामित्वमा जग्गा भई सो जग्गामा खरको छाना भएका घरधुरी पहिचान गर्न १५ दिने सूचना आह्वान गरी अनुसूची (१) बमोजिम निवेदन लिई नाम संकलन गर्ने छ ।

घ) यसरी सूचना प्राप्त भए पछि सम्बन्धित लाभग्राहीले तोकिएको अनुसूची बमोजिमको ढाँचामा सूचनाको म्याद भित्र आफै वा आफै नसकेको हकमा सम्बन्धित वडाको कर्मचारीको सहयोग लिई निवेदन भरी सम्बन्धित वडा वा गाउँपालिकामा देहायको विवरण साथै राखी निवेदन पेश गर्नु पर्नेछ ।

(१) लाभग्राहीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(२) आफ्नो स्वामित्वको जग्गामा घर भएको प्रमाणको प्रतिलिपी ।

(३) वडा अध्यक्ष वा वडा सदस्य वा कार्यपालिका सदस्यले विवरण सहि हो भनि गरेको सिफारिस ।

(४) खरको छाना भएको घर देखिने फोटो ।

ङ) खण्ड (घ) बमोजिमको विवरण प्राप्त भए पश्चात उक्त कार्यालयले सबैको निवेदन संकलन गरि लाभग्राही सिफारिस समिति समक्ष पेश गर्नु पर्नेछ ।

६. **लाभग्राही सिफारिस समिति** (१) वडा स्तरबाट विनियोजन भएको कार्यक्रम संचालनको लागि प्राप्त निवेदन बमोजिम लाभग्राही सिफारिसको लागि देहाय बमोजिमको सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| १. वडा अध्यक्ष | अध्यक्ष |
| २. वडा समितिका सदस्यहरु | सदस्य |
| ३. सम्बन्धित वडाको प्राविधिक प्रमुख | सदस्य |
| ४. वडा सचिव | सदस्य सचिव |

२) सिफारिस समितिले निर्णय गरि लाभग्राही छनौटको लागि गाउँपालिकामा कागजात सहित नामावली पठाउनु पर्नेछ ।

७. **लाभग्राही छनौट समितिः** (१) कार्यक्रम संचालनका लागि प्राप्त निवेदन बमोजिम लाभग्राही छनौटको लागि देहाय बमोजिमको लाभग्राही छनौट समिति रहनेछ।

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. प्रमुख प्रशासकिय अधिकृत वा निजल तोकेको एक जना कर्मचारी | सदस्य |
| ४. गाउँपालिका अध्यक्षले तोकेको कार्यपालिकाको महिला सदस्य | सदस्य |
| ५. सूचना प्रविधि अधिकृत | सदस्य |
| ६. पूर्वाधार शाखा प्रमुख | सदस्य सचिव |

२) उपदफा १ वमोजिमको समितिले निवेदकहरु मध्येबाट यस मापदण्डको अधिनमा रही प्राथमिकता क्रम तोकी लाभग्राही छनौट गर्नेछ ।

३) उपदफा (१) वमोजिमको समितिबाट प्राविधिक रुपमा छनौट भएका निवेदनहरुलाई कार्यान्वयन गर्न सदस्य सचिवले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष समितिको निर्णय पेश गर्नेछ ।

४) निर्णयको कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतले उपयूक्त विधि छनौट गरि सम्झौता प्रकृया अगाडी वढाउन आदेश दिन सक्नेछ ।

**८. लाभग्राही छनौटका आधार तथा प्राथमिकता निर्धारण :**

१) पुरै घर खरको छाना भएको तथा ढुङ्गा र माटोको दिवाल भएको घर ।

२) यसरी प्राथमिकता क्रम तोक्दा एकल महिला, दलित, घाइते तथा सहिद परिवार एवम् अति गरिब, कुनै रोजगारी वा व्यवसाय नभएको घरमूली भएकोलाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।

३) भूकम्प, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोपहरुमा परि भत्किएका घरहरुको सम्बन्धमा पनि प्राथमिकता करण निर्धारण गरी लाभग्राही छनौट समितिले स्वयं निर्धारण गर्न सक्नेछ ।

**९. कार्यान्वयन प्रकृयाः** (१) गाउँपालिकाले दफा (५) को खण्ड (घ) बमोजिम प्राप्त निवेदन उपर छानविन गरी दफा (५) को खण्ड (ग) अनुसारको लाभग्राहीहरुको सूचना टाँस गर्नेछ।

(२) उपदफा (१) वमोजिमको लाभग्राहीको घरको छानाको लागि छाना तथा छाना छाउन आवश्यक पर्ने सामाग्री समेतको लागत अनुमान सम्बन्धित पूर्वाधार शाखाबाट तयार गराई कार्यालय प्रमुखले स्वीकृत गरे पश्चात कार्यान्वयन प्रकृया अगाडी वढाईनेछ ।

(३) कार्यालयले जग्गाको नापजाँच गरि सम्बन्धित लाभग्राहीसँग सम्झौता गर्नेछ ।

(४) प्रति घरधुरी ३० फिट गुणे २० भन्दा वढीको संरचना बनाउन परेको अवस्थामा लाभग्राहीले स्वयं खर्च व्यवहोर्नु पर्नेछ ।

(५) कार्यदिश प्राप्त फर्म वा समितिले कुनै कार्यक्षेत्रमा कार्य सम्पन्न भएको जानकारी दिएमा प्राविधिक रुपमा नापजाँच गरी भुक्तानी गर्ने जिम्मेवारी गाउँपालिकाको कार्यालयको हुनेछ ।

**१०. निर्माण/उपभोक्ता समितिः**

(क) कार्यालयले दफा ४ बमोजिमको कार्यक्षेत्र भित्र छाना जडान कार्यकोलागि लाभग्राहीहरु मध्येबाट ७ देखि ११ जनासम्मको एक समिति गठन गर्न सक्नेछ ।

(ख) उपदफा (क) बमोजिमको समिति गठन तथा परिचालनको प्रकृया "स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७४" बमोजिम हुनेछ ।

## परिच्छेद ३

## कार्यक्रमको अनुगमन तथा मुल्याकंन

**११. अनुगमन तथा मुल्याकंन सम्बन्धि व्यवस्था :** (१) कार्यक्रमको अनुगमनको व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) संचालित कार्यक्रमहरुको नियमित अनुगमन र मुल्याकंनको कार्य सम्बन्धित प्राविधिक कर्मचारीबाट हुनेछ

ख) कार्यक्रमको प्रभावकारीताको विषयमा तथा निर्माण सम्पन्न भए पश्चातको अनुगमनको सन्दर्भमा देहाय बमोजिमको समितिले अन्तिम अनुगमन गरि गाउँपालिका अध्यक्ष मार्फत गाउँ कार्यपालिकामा प्रतिवेदन गर्नेछ ।

| | |
|---|---|
| १) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३) सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ४) पूर्वाधार शाखा प्रमुख | सदस्य |
| ५) सूचना प्रविधि अधिकृत | सदस्य |
| ६) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |

७) प्रशासन तथा योजना अनुगमन शाखा प्रमुख सदस्य सचिव

ग) समितिले अन्य पदाधिकारी र कर्मचारीलाई अनुगमनमा आमन्त्रित गराउन सक्नेछ ।

## परिच्छेद ४

## विविध

११. **हस्तान्तरण सम्बन्धि व्यवस्था** : (१) निर्माण सम्पन्न भए पश्चात घर मूलिलाई हस्तान्तरण गरिनेछ ।

१२. **प्रचलित कानून बमोजिम हुनेः** यस मापदण्डमा लेखिएको विषयहरु यसै बमोजिम हुने छ र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१३. **थपघट तथा हेरफेरः** यो मापदण्डमा आवश्यक्ता अनुसार थपघट तथा हेरफेर वा संसोधनको सम्पूर्ण अधिकार गाउँ कार्यपालिकामा निहित हुनेछ ।

**अनुसूची-१**
**(दफा ५ को खण्ड (ग)सँग सम्बन्धित)**

मितिः ............/....../.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
नौमूले गाउँपालिका, दैलेख ।

विषयः खरको छाना मुक्त कार्यक्रम अन्तर्गत घर निर्माण सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा "खरको छाना मुक्त कार्यक्रम संचालन मापदण्ड, २०८२ को दफा ५ को खण्ड (ख) बमोजिम" यस नौमूले गाउँपालिकाको कार्यालय/वडा नं...... बाट मिति ............../......../.........मा प्रकाशित सूचना बमोजिम लाभग्राहीको छनौटका आधारहरु भित्र आफु पनि पर्ने भएकोले मेरो पनि घरको स्थलगत निरिक्षण गरी मेरो घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी बसोवासको व्यवस्था मिलाई दिन हुनको लागि तपसिलका कागजातहरु यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेको छु ।

तपसील :-

| क्र.सं. | संलग्न कागजातहरुको विवरण | कैफियत |
|---|---|---|
| १. | नारिकता प्रमाणपत्रको प्रतिलिपी वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपी । | छ ( ) छैन( ) |
| २. | लाभग्राही बसोवास गर्दै आएको घरको छाना पराल/खर/स्याउला/आसवेसटस आदि आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने सामाग्रीबाट छाएको फोटो । | छ ( ) छैन( ) |
| ३. | जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा विजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपी । | छ ( ) छैन( ) |
| ४. | विगतदेखि त्यस स्थानमा स्थाई बसोबास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपी । | छ ( ) छैन( ) |
| ५. | गरिवीको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा सम्बन्धित स्थानीय तहको सिफारिसको प्रमाणित प्रतिलिपी । | छ ( ) छैन( ) |
| ६. | विवरण खुल्ने अन्य कुनै प्रमाण भए सोको प्रमाणित प्रतिलिपी । | छ ( ) छैन( ) |

**निवेदकको** :-
**सहीः**-.....................................
**नाम,थरः**-...........................................................................
**बुवा/पति/पत्नीको नाम** :-........................................................
**बाजे ससुराको नाम** :-...........................................................
**वडा नं**........................
**गाउँ/टोलः**-.......................................................................
**सम्पर्क मोबाईल नं**...............................................................

| निवेदकको औंठा छाप | |
|---|---|
| **दाँया** | **बाँया** |
| | |

**नोटः-** एउटै चुल्होमा पकाएर खानाखाने तथा एउटै घरको छाना मुनी बस्ने परिवारका सबै सदस्यहरुलाई संगोलका परिवार मानिनेछ । खाना पकाउने अर्को चुलो भाएको र छुट्टिएर बसेकाहरुलाई सगोलको परिवार मानिदैन । एउटा संगोलको परिवारले एउटा फर्म मात्र भर्न पाईनेछ । झुटो विवरण पेश गरेको पाईएमा यो कार्यक्रमवाट बंचित गरी कानूनी कारवाही गरिनेछ । मैले पेश गरेको प्रमाणहरु सही छ, झुठा ठहर कानून वमोजिम सहुँला बुझौला।

**नौमूले गाउँपालिका, दैलेख**

| |
|---|
| **१.सर्वेक्षण घरधनी क्रम संख्या** |
| **व्यक्तिगत विवरण** |

| | |
|---|---|
| **नाम, थर (अंग्रेजीमा):-**<br>**नाम, थर (नेपालीमा)-**<br>**ठेगानाः**<br>**जिल्लाः- दैलेख ।**<br>**गाँउ/ टोलः-** | **बाबु/पतिको नाम, थरः-**<br>**बाजे/ससुराको नाम, थरः-**<br>**सम्पर्क नं.-** |

**क. निवेदक सँग तपसील बमोजिमको कुनै प्रमाण छ, छैन चिन्ह लगाउने ।**

| क्र.सं. | तपसील | कैफियत |
|---|---|---|
| १. | नागरिकता प्रमाणपत्रको प्रतिलिपी वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपी । | छ ( ) छैन ( ) |
| २. | लाभग्राही बसोबास गर्दै आएको घरको छाना खर/स्याउला आदि आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने सामाग्रीबाट छाएको देखिने फोटो । | छ ( ) छैन ( ) |
| ३. | जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा विजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपी । | छ ( ) छैन ( ) |
| ४. | विगतदेखि त्यस स्थानमा स्थाई बसोबास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपी । | छ ( ) छैन ( ) |
| ५. | गरीबीको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा सम्बन्धित स्थानीय तहको सिफारिसको प्रमाणित प्रतिलिपी। | छ ( ) छैन ( ) |
| ६. | विवरण खुल्ने अन्य कुनै प्रमाण भए सोको प्रमाणित प्रतिलिपी । | छ ( ) छैन ( ) |

**२. हाल उपभोग/बसोवास गरिरहेको घरको विवरणः**

**क. निवेदकले प्रयोग गरिरहेको घरको संख्या......**

**ख. घरको लम्बाई....................घरको चौडाई...................घरको क्षेत्रफल.....................वर्ग फिट**

**३. घरको गारो पर्खालको किसिम (५० प्रतिशत सम्ममा जेछ त्यसैलाई मान्ने) :-**

क. ढुङ्गा, माटोको दिवाल भएको लगाएको ( )

ख. बास, चिर्पट, काठको फलेक लगाएको ( )

४. **घरको छानाको किसिम :**

क. खर, फुस, स्याउता, प्लाष्ट्रिक सिट आदि ( )

**५. जग्गाको स्वामित्व :**

क. लालपुर्जा भएको वा डिह ब्लक (स्वामित्व पाउन सकिने) वा स्थानीय निकायको सिफारिस (स्वाबासी र विवाद रहित जग्गा) ( )

ख. नदी/नहर/ताल किनारमा बसोबास गरी रहेको ( )

**६. घरमूलीको हकमाः**

क. अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिलाजस्ता घरमूली लाभग्राही भएका ( )

ख. **स्व घोषणाः**

माथी उलेलेखित सम्पूर्ण विवरण एवं जानकारीहरु साँचो हुन, उक्त विवरण म आफै राजिखुसी साथ यथार्थ रुपमा कुनै दवाव विना दिएको हुँ। यस अघि यस्तो प्रकारको सुविधा वा अनुदान नलिएको स्वघोषणा गर्दछु। यसमा लेखिएको विवरण झुठा ठहर भएमा कानून बमोजिम सहुँला, बुझाउँला भनी यस सर्वेक्षण फारम सहि गरेको हूँ।

**लाभग्राहीको :**

**सहीः- .........................**

**नाम, थरः................................................**

**सम्पर्क मोबाईल नं.- ..................................**

| लाभग्राहीको औंठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

नोटः- सगोलको परिवारका सबै व्यक्तिहरुको लागि एउटै लाभग्राही सर्वेक्षण फर्म मात्र भर्नु पर्दछ । परिवारसंग छुट्टिएर बसेको भए सम्पत्ति अंशवण्डा भएको प्रमाण वा गाउँपालिकाको प्रमाण पेश गर्नु पर्नेछ। एउटै चुल्होमा पकाएर खानाखाने तया एउटै घरको छाना मुनी बस्ने परिवारका सबै सदस्यहरुलाई संगोलको परिवार मानिदैन । सर्वेक्षणकर्ताले निवेदकको घरको स्थलगत निरिक्षण गरी हाल प्रयोग गरिरहेको घर एवं जग्गाको वास्तविक सत्य-तथ्य अनुसार मात्र फर्म भर्नु पर्नेछ । सम्बन्धित गाउँपालिकाको कार्यालयले पनि सत्य-तथ्यको आधारमा रही मात्र संगोल परिवार भए/नभएको सिफारिस गर्नु पर्नेछ । झुठो विवरण पेश गरेको पाईएमा सो कार्यक्रमबाट बंचित गरी कानूनी कारवाही गरिनेछ ।

**सर्वेक्षणकर्ताको :-**

**सही :-**

**नाम, थर :-**

**पद :-**

**कार्यालयको नाम :-**

निवेदकले पेश गरेको विवरण सत्य साँचो रहेको पाईएकोले सिफारिस गर्दछु।

**सही :**

**नाम थर :**

**पदः**

**वडा नं.-**

**आज्ञाले**

**दमन दाहाल**

**प्रमुख प्रशासकिय अधिकृत**